# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प.सं. ०७८/७९
च.नं.

## विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा जारी प्रेस विज्ञप्ति

विश्व प्रेस स्वतन्त्रता दिवस मे ३ का अवसरमा राष्ट्रिय सूचना आयोग सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछ। नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रतामा आधारित समृद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य प्राप्त गर्न यस दिवसले प्रेरणा प्रदान गर्नेछ विश्वास आयोगले गरेको छ।

विश्वसनीय र सत्य सूचना प्रवाहका माध्यमबाट देशमा सुशासन कायम गर्न र सुसूचित नागरिक तयार गर्न आमसञ्चार माध्यमहरुले खेलेको भूमिका नेपालको प्रत्येक ऐतिहासिक घटनाक्रममा प्रतिविम्बित छ। प्रविधिको विकास सँगसँगै आमसञ्चारको माध्यममा आएको परिवर्तन र विविधतालाई आत्मसात् गर्दै आमसञ्चार माध्यमको भूमिकालाई थप प्रभावकारी बनाउन सबैको योगदान त्यत्तिकै महत्वपूर्ण रहेको छ।

नेपालमा सूचनाको हकसम्बन्धी कानुन ल्याउन र यसको कार्यान्वयनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको नेपाली पत्रकारहरुको छाता संगठन, नेपाल पत्रकार महासंघ तथा यसमा आबद्ध आमसञ्चारकर्मीहरुको सक्रिया सहभागिताबाट मात्र सूचनाको हकको प्रभावकारिता बृद्धि गर्न सकिन्छ भन्नेमा आयोग विश्वस्त रहेको छ। सूचनाको हकको कार्यान्वयनमा आयोग आमसञ्चारकर्मीसँग सहकार्य गर्दै अगाडि बढ्न चाहन्छ।

सूचना प्रविधिमा भएको अभूतपूर्व विकासका कारण आमसञ्चार माध्यमहरुका लागि सिर्जना भएको अवसर तथा चुनौतिको सामना गर्न यस दिवसले सहयोग पुगोस् भन्दै पुनः एकपटक सबैमा आयोग शुभकामना व्यक्त गर्न चाहन्छ। धन्यवाद।

२०७९ बैशाख २० मंगलवार (मे ३ २०२२)

कमला ओली थापा

सूचना आयुक्त तथा प्रवक्ता